मंगला गाउँपालिकाको गाउँसभामा

अध्यक्ष श्री सत प्रसाद रोकाज्यूद्धारा

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/२०७९ को

## मंगला गाउँपालिकाको नीति तथा कार्यक्रम

सभामा पेश भएको मिति :- २०७८/०३/१०

सभावाट पारित भएको मिति :- २०७८/०३/१०

मंगला गाउँपालिका

बाबियाचौर, म्याग्दी

१० असार, २०७८

उपस्थित प्रमुख म्याग्दी जिल्ला समन्वय समितिका प्रमुख श्री देवेन्द्र वहादुर कटुवाल क्षत्रीज्यू गाउँपालिकाका उपाध्याक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका कर्मचारीहरु,पत्रकारज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

आजको यस महत्वपूर्ण क्षणमा राष्ट्रलाई निरङ्कुश सामन्ती शासनप्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनिधिमार्फत् राज्य संचालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुऱ्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु। साथै कोभिड-१९ को महामारीवाट स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका सम्पूर्ण नेपाली दिदी वहिनी तथा दाजुभाइहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु। साथै स्वदेश तथा विदेशमा संक्रमित हुनु भएका सवै नेपाली दाजुभाइ तथा दिदिवहिनी हरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। महामारीवाट सुरक्षित राख्न नेपाल सरकारले गरिएको लकडाउनको पूर्ण परिपालना गर्नु भएकोमा मंगलावासी सम्पूर्णमा धन्यवाद व्यक्त गर्दछु साथै आगामि दिनमा पनि नेपाल सरकार र गाउँपालिकाले चाल्ने हरेक कदममा निरन्तर सहयोग पाइरहने विश्वास लिइएको छु। संकटको यस घडीमा एकजुट भइ महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा अहोरात्र खटिनुहुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मी, स्वयंसेवक, सवारीचालक लगायत राष्ट्रसेवक कर्मचारीको योगदानको उच्च प्रशंशा गर्दछु। जोखिम पूर्ण यस परिस्थितिमा आ-आफ्नो तहवाट खटिनुहुने प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको कमाण्ड पोष्ट म्याग्दीका पदाधिकारी, जनप्रतिनिधी, राजनितिक दल, संचारकर्मी, उद्योगि व्यवसायी, यातयात व्यवसायी, निजिक्षेत्र नागरिक समाज लगायत सवै व्यक्ति तथा संघसंस्थालाइ धन्यवाद व्यक्त गर्दछु। कोभिड-१९ रोग रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिका, वडा स्तरमा रहेका स्वास्थ्य संस्था र गाउँपालिकाले स्थापना गरेको कोभिड-१९ अस्थायी अस्पतालमा एम्वुलेन्स सेवा, स्वैच्छिक रुपमा अक्सिजन, अक्सिमिटर, पीपीइ,

माक्स, स्यानीटाइजर लगायत सामाग्री योगदान गर्नुहुने स्वदेश तथा विदेशमा रहनु हुने व्यक्ति तथा अन्य सामाजिक संघ संस्था, राजनितिक पार्टी लगायत सवै महानुभावहरुमा आभार प्रकट गर्दै भविष्यमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमणवाट मानव सभ्यता र मानव जातिमाथि नै अकल्पनीय शङ्कट आइपरेको छ। महामारी विरुद्ध यस गाउँपालिका आफ्नो क्षमता, श्रोत र साधनकासाथ जुटिरहेको यस कठिन घडीमा कोभिड-१९ बाट मंगलावासीको जिवन रक्षा गर्ने र महामारीवाट शिथिल भएको अर्थतन्त्रलाइ चलायमान वनाउन वैदेशिक रोजगारबाट कोभिड-१९ का कारण प्रभावित भइ फिर्ता भएका नागरिकलाइ व्यवसाय उन्मुख गराइ रोजगारी सृजना गर्न सकिने नीति तथा कार्यक्रम तयार पार्ने प्रयास गरेको छु।

गत आ.व. ०७६/०७७ मा मनसुनजन्य विपद्का कारण भएको क्षतिमा राहत सामाग्री सहयोग गर्नुहुने स्वदेश तथा विदेशमा रहेका व्यक्ति तथा संघसंस्था, पूर्ण क्षति भएका २७ घरधुरी मध्ये ४ वटा घर निर्माणमा सहयोग गर्नुहुने मोना आइसिसी, १८ वटा घर निर्माणमा सहकार्य गर्नुहुने प्रदेश सरकार र संघीय सरकार प्रति आभार व्यक्त गर्दछु। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधान बमोजिम गठित स्थानीय सरकारको प्रमुखको रुपमा मंगला गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमलाई यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएको महसुस गरेको छु।

हरेक परिवर्तन पश्चात् आम नागरिकले पनि नयाँ अपेक्षा र आशा गर्नु स्वभाविक हो। यसरी नयाँपनको अपेक्षा गर्दै गर्दा प्राप्त हुने हरेक प्रकारको नयाँपनको दीगोपना प्रति पनि हामी सजग हुदै आगामी आ.व.मा मंगला गाउँपालिकामा सञ्चालन हुने विकासका क्रियाकलापहरुलाई जुनसुकै प्रकारले पनि दीगो तथा एकीकृत तवरले अगाडि बढाइ समृद्ध मंगला गाउँपालिका निर्माण प्रकृयाको यात्रालाई हृदयंगम गर्दै नीति तथा कार्यक्रम तर्जूमा गरेको छु।

**प्रमुख अतिथी  एवं गाउँसभाका सदस्यज्यूहरु,**

लोकतन्त्रको आधार स्तम्भको रुपमा जनताले महसुस गर्न र भेट्न सक्ने सरकारको रुपमा रहेको स्थानीय सरकारसंग जनताको विकास प्रतिको उच्च आकांक्षालाई समुचित सम्वोधन गर्दै समग्र गाउँपालिका समृद्धि तर्फ तिव्र गतिको यात्रा तय गर्नुपर्ने अवस्थामा हामी स्थानीय सरकारमा रहेका छौं। यस बीचमा स्थानीय सरकारको स्वरुपलाई संविधान प्रदत्त व्यापक क्षेत्राधिकार भएको बलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियालाई संगसंगै र सावधानीपूर्वक अघि बढाउनु परेको छ। यस्तो जटिल र चुनौतिपूर्ण मोडमा लोकतन्त्रको संस्थागत विकास गर्न सदा सजग र संवेदनशील रही मङ्गला गाउँपालिका निरन्तर काम गर्दै, नतिजा मुलक उपलव्धी प्राप्तिको लागि अघि बढिरहेको कुरा यहाँहरुलाइ विदितै छ।

नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार, त्यसका क्षेत्राधिकार र संघ, प्रदेश र स्थानीय सरकारविचको सहकार्य, समन्वय र सहअस्तित्व समेतको मर्म अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्तिसहितको नीति तथा कार्यक्रम समेतलाई हृदयंगम् गर्दै स्थानीय सरकार सञ्चालनको विगतका वर्षको अनुभव र गाउँसभा मार्फत् पारित ऐन, नियम तथा कार्यविधि समेतका आधारमा आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम तय गरिएको छ।

**प्रमुख अतिथी  एवं गाउँसभाका सदस्यज्यूहरु,**

स्थानीय सरकार जनभावना, जनआकांक्षा र आवश्यकताका आधारमा स्थानीय नागरिकको जीवनस्तरमा सुधार गर्न तथा विकास र अपेक्षा पूरा गर्न कोभिड-१९ र मनसुनजन्य विपद् लगाएतका विभिन्न चुनौतिलाइ सामना गर्दै दृढ संकल्पका साथ अगाडि बढिरहेको छ। भौतिक संरचना पर्याप्त नहुनु, कर्मचारी र अन्य स्रोतसाधनको कमी हुनु तथा संघ, प्रदेश र स्थानीय तहवीच योजनाको वर्गीकरण समयमा नहुनु जस्ता अनेकन प्रतिकूलताका बाबजुद स्थानीय सरकारले आ. व.२०७७/०७८ मा हासिल गरेका केही महत्वपूर्ण उपलव्धिहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहान्छु ।

१. नेपालको सन्दर्भमा स्थानीय सरकार नवीनतम प्रयोग भएकाले स्थानीय सरकारको सुशासन, विकास र समृद्धिको लागि सरकार सञ्चालनका क्रममा स्थानीय तहलाई प्राप्त अधिकार क्षेत्रभित्रका विषयमा ४० वटा महत्वपूर्ण ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड जारी भई स्थानीय राजपत्रमा समेत प्रकाशन गरी कार्यान्वयनमा आएका छन्। यसबाट स्थानीय सरकारलाई संविधान एवं कानुन वमोजिम प्रदत्त विधायिकी अधिकारको संस्थागत हुंदै गएको र गाउँपालिकामा कानुनी र कार्यविधिगत आधार तयार भई काम कारवाहीमा थप सहजता आएको छ।

२. स्थानीय तहमा न्यायिक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधान र कानुन वमोजिम न्यायिक समिति गठन भई न्यायिक समिति समक्ष दर्ता भएका विवादहरुको आपसी छलफल र मेलमिलापको माध्यमबाट समाधान गरिएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ ले व्यवस्था गरेको न्यायिक समितिको अधिकार क्षेत्रको मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरी उक्त केन्द्रको संयोजक समेत तोकि न्यायिक समितिबाट सूचिकृत गरेको मेलमिलापकर्ताबाट कामकारवाही अगाडि वढिरहेको कुरा अवगत गराउन चाहन्छु। साथै न्यायिक समितिमा हालसम्म दर्ता भएका मुद्धा संख्या ७३, मेलमिलाप तथा छलफलको माध्यमवाट समाधान गरिएका मुद्धा संख्या ६६ वटा र समाधान हुन वाँकी मूद्धा संख्या ७ रहेका छन ।

३. गाउँपालिका भित्रको ऐतिहासिक महत्व, पुरातात्विक वस्तु, कला, संस्कृतिको संरक्षण तथा पर्यटन प्रवर्द्धन गर्न वार्ड नं.१ टोट्के र वडा नं.३ झाँक्रीपानीलाई सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको रुपमा घोषणा गर्नुका साथै सामुदायिक होम स्टे दर्ता गरी प्रदेश सरकारको सहयोगमा पर्यटन पूर्वाधारका कार्य गरिएकोछ। वडा नं. ३ झाँक्रीपानीमा भ्यूटावर, पर्यटन पदमार्ग र सामुदायिक भवन लगाएत अन्य पूर्वाधारहरु निर्माण गर्नुका साथै वडा नं. ५ चाङ्गामा पर्यटन प्रवर्द्धन गर्नका लागि सडक सञ्जालले जोडिएको छ।

४. ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक एवं नदीजन्य वस्तुको विक्री तथा निकासी शुल्क/दस्तुर संकलन गर्न गाउँपालिका क्षेत्रभित्रका वगर, घाटहरुको नयाँ थप स्थानहरुको

पहिचान गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन र प्रदेश कानुनको आधारमा आय ठेक्का समेत सम्झौता गरी स्थानीय कर संकलनको दायरा वढाउने कार्यलाइ प्राथमिकतामा राखि आन्तिरक आयलाई वृद्धि गर्दै लगिएको छ। व्यवसाय दर्ता, होम स्टे दर्ता लगायत नयाँ आन्तरिक स्रोतको दायरा फराकिलो बनाई चालु आ.व.०७७/०७८ को अनुमानित आन्तरिक आय रु. ५६,५०,००० (अक्षरुपी छपन्न लाख पचास हजार रुपैयाँ) मा कोभिड -१९ को प्रभावका वावजुद पनि बैसाख मसान्तसम्म रु. ५२,२०,२२६ (अक्षररुपी वाउन्न लाख विस हजार दुइसय छव्वीस) प्राप्त भएकोछ ।

५. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि र विद्यालय शुशासन तथा व्यवस्थापनमा सुधार गर्न विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरुसंग निरन्तर सम्पर्क र अन्तरक्रिया गर्नुका साथै कोभिड-१९ को प्रभावको सयममा समेत सिकाइ निरन्तरताको लागि शिक्षक तयारीका लागि जुम तथा गुगलमिट लगायतको प्रविधी प्रयोग गरिएको छ।

६. तहगतरुपमा शून्य दरवन्दी भएका विद्यालयहरुलाइ लागत सहभागिताको आधारमा १० जना शिक्षकको व्यवस्था गरी शिक्षक आपूर्तिको समस्यालाइ कम गर्ने कार्य निरन्तरता दिइएको छ।

७. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारण सिकाइ निरन्तरताको लागि कक्षा ६ देखि ८ सम्मका वालवालिकाहरुलाई घरमा नै अध्ययन गर्न सकिने सिकाइ सामाग्री छपाई विद्यालय मार्फत् वितरण गरिएको छ ।

८. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पुस्तकालय व्यवस्थापन, विज्ञान प्रयोगशाला, कम्प्यूटर प्रयोगशालाको स्थापना गरिएको छ। १७ विद्यालयका वालविकास केन्द्रमा डिजिटल सामग्री सहित बोल्ने किताव र स्मार्ट टि.भी. उपलव्ध गराइएको छ।

९. कोभिड-१९ को प्रभावबाट विद्यालयका बालबालिकाहरुलाइ बचाउन र स्वास्थ्य मापदण्ड पालना तथा प्रोत्साहन दिन गाउँपालिका अन्तरगतका विद्यालयहरुमा सेनीटाइजर, मास्क, थर्मल गन, साबुन आदि स्वास्थ्य सामग्रीहरु वितरण गरिएको छ।

१०. संघीय सरकारको "एक स्थानय तह एक प्राविधिक विद्यालय" सञ्चालन गर्ने नीति अनुरुप मंगला माध्यामिक विद्यालय वावियाचौरलाइ शैक्षकि सत्र २०७६ देखि कक्षा ९ वाट कृषि वाली विज्ञान विषयको प्राविधिकधार संचालन गर्ने गरी अनुमति लिई कार्यान्वयनमा आएकोछ। संघीय सरकारवाट आवश्यक सहयोग प्राप्त भइ सकेको र यस गाउँपालिकावाट समेत थप प्रोत्साहन अनुदान प्रदान गरिएको छ।

११. विद्यालयको भौतिक संरचना सुधारका लागि गाउँपालिका स्तरवाट चालु आ.व.मा प्रयाप्त वजेट विनियोजन भइ कार्यान्वन भएको साथै संघीय सरकारको सहयोगमा समेत विद्यालयको भौतिक संरचना निर्माणमा आर्थिक सहयोग प्राप्त भई विद्यालयको भौतिक अवस्थामा सुधार भएको छ।

१२. गाउँपालिकाले सहभागितामूलक योजना तर्जुमा प्रकृयामार्फत् चालु आ.व. ०७७/०७८ मा स्थानीयस्तरको विकासका लागि २०९ वटा वार्षिक योजना बनाई कार्यान्वयन गर्दै गर्दा उपभोक्ता समितिका पदाधिकारीहरुलाइ वडा स्तरमा उपभोक्ता समिति क्षमता अभिवृद्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएकाले योजनाहरु प्रभावकारी रुपमा संचालन भइरहेकोमा कोभिड-१९ का कारण २०७८ वैशाख २६ गतेदेखि पुनः लकडाउन भएको थियो। लकडाउनकै अवधिमा समेत स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्दै निर्माण कार्यलाई जारी राखिएको थियो। फलतः जेष्ठ मसान्तसम्म पूँजिगत योजनाहरुको वित्तिय प्रगति ४७.९९% र भौतिक प्रगति ८७% रहेको छ। त्यस्तै संस्थागत सुशासन र सेवा प्रवाहसंग जोडिएका योजना तथा कार्यक्रमहरु पनि सम्पन्न हुने क्रममा रहेका छन्। यसवाट जनप्रतिनिधिहरुको भूमिका, नीति निर्माण र विकास निर्माणको अगुवाइ, अनुगमन एवं जनताको सुख-दुखमा साथ दिने गरी गाउँपालिका सशक्तरुपमा अगाडि बढिरहेको छ।

१३. गाउँपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोतसाधनको अधिकतम उपयोगको लागि नेपाल सरकार तथा प्रदेश सरकारसंग साझेदारी एवं संयुक्त व्यवस्थापनमा पूर्वाधार निर्माण लगायतका कार्य गर्दै आएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रममा नेपाल

सरकारसंग साझेदारी गरी समन्वय, सहकारीता र सहअस्तित्वको सिद्धान्तलाई स्विकार गर्दै आइरहेको छ।

१४. नयाँ संरचना, कर्मचारी अभाव, भौगोलिक कठिनाई, कानुनी अस्पष्टता र अन्यौलताका बावजूद पनि सार्वजनिक सेवा प्रवाह र सुशासनलाई पहिलो प्राथमिकता दिंदै जनताको सुख दुखमा अभिभावकत्व ग्रहण गर्दै गाउँ-गाउँमा सिंहदरवारको अनुभूति गराउन गाउँपालिका सदा प्रयत्नशील रहेको अवगत गराउन चाहन्छु।

१५. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्न पाउने संवैधानिक अधिकारलाई प्रत्याभूत गर्न गाउँपालिकाले स्वास्थ्यकर्मी लगायतको सुविधा सहित ४ वटा स्वास्थ्य चौकी र ३ वटा सामुदायिक स्वास्थ्य इकाइ र ३ वटा वर्थिङ सेन्टरवाट सेवा प्रदान गरिएको छ। मंगला- ५ हाँडेभिरमा १० शैयाको अस्पताल भवन निर्माणका लागि ठेक्का सम्झौता भैसकेको छ। आधारभूत स्वास्थ्य सेवालाई नागरिकको घरघरसम्म विस्तार गर्न गाउँपालिका प्रतिवद्ध रहेको छ।

१६. कर्मचारी समायोजन पश्चात् श्रृजित कर्मचारी अभावको अवस्थामा समेत कर्मचारीहरुको उच्च कार्यसम्पादन एवं लगनशिलताका कारण सेवा प्रवाहमा चुस्तता आएको छ। स्थानीय सरकारका प्रतिफलहरुलाई नागरिक समक्ष पुऱ्याउन कर्मचारी वर्गबाट भएको सकारात्मक भूमिकाको स्मरण गर्न चाहन्छु।

१७. मंगला गाउँपालिका अन्तरगत रहेका उत्पादनशिल भूमिको अधिकतम उपयोग गर्ने तर्फ कृषकहरुलाई प्रोत्साहन गर्नका लागि कृषि तथा पशुपंक्षी क्षेत्रका व्यवसायलाई आधुनिकिकरण गर्नका लागि तपशिलमा उल्लेखित अनुदानमा आधारित विविध सामाग्री, बीऊ-विजन, किटनाश औषधी, फलफुल विरुवा आदि वितरण गरिएको छ।

| **(क)** | **कृषि तर्फ** | | | |
|---|---|---|---|---|
| क्र.सं. | वितरित सामाग्री | परिमाण | उपलव्धि | वितरण |

| | | | | |
|---|---|---|---|---|
| १. | थ्रेसर | ५ वटा | धान, गहुँ, कोदो चुट्न सहज, सरल र सस्तो भएको छ। | गा.पा. स्तर |
| २. | मिनि टेलर | ७ वटा | खेतियोग्य जमिन खनजोतमा सहज, सरल र सस्तो भएको छ। | गा.पा. स्तर |
| ३. | प्लाष्टिक टनेल | २२ वटा | वेमौसमी तरकारीको उत्पादन, विक्रीवितरण तथा स्थानीय आयमा अभिवृद्धि भएको। | गा.पा. स्तर |
| ४. | थोपा सिंचाइ | १५ वटा | सुख्खा सिजनमा सिंचाइ सुविधा पुगेको। | गा.पा. स्तर |
| ५. | च्याउको विउ | ४५० के.जी. | गुणस्तरीय विउको वितरणवाट च्याउको उत्पादन र स्थानीय आयमा वृद्धि हुनुको साथै नागरिकको स्वास्थ्यमा समेत सुधार भएको। | गा.पा. स्तर |
| ७. | किटनासक औषधी | ७०० प्याकेट | मकै खेतिको गवारो किरा नियन्त्रण भएको। | गा.पा. स्तर |
| ८. | किविको विरुवा वितरण | १,४०० वटा | किविको आयातलाइ प्रतिस्थापन गर्नका लागि। | गा.पा. स्तर |
| ९. | विरुवा रोप्ने खाडल खन्ने मेशिन वितरण | ३ वटा | फलफुल विरुवा रोपणमा सहजता भएको। | वडा नं. ३ र ४ |

| | | | | |
|---|---|---|---|---|
| १०. | माटो परिक्षण | २४६ नमूना | माटोको उपचार गरी उत्पादन उत्पादन अभिवृद्धि गराउन। | गा.पा. स्तर |
| (ख) | **पशु सेवा तर्फ** | | | |
| १. | वोयर वोका वितरण | ५ वटा | व्यवसायिक वाख्रा फर्म तथा नश्ल सुधारका लागि। | गा.पा. स्तर |
| २. | भेडाको थुमा वितरण | २ वटा | व्यवसायिक भेडा फर्मको उत्पादन अभिवृद्धि गर्न। | वडा नं. ४ र ५ |
| ३. | वोकालाइ खसी वनाउने मेशिन | ५ वटा | गुणस्तरीय मासु उत्पादनमा वृद्धि गर्न। | गा.पा. स्तर |
| ४. | चाप कटर | २ वटा | व्यवसायिक वाख्रा र भैसी फर्ममा घाँस टुत्र्याउन। खुवाउन। | गा.पा. स्तर |
| ५. | मुर्रा क्रस भैंसी | २ वटा | व्यवसायिक भैंसी फर्मको दुध उत्पादन र विक्री वितरणलाइ वृद्धि गर्न। | वडा नं. २ र ५ |
| ७. | नमुना वाख्रा खोर निर्माण | ११ वटा | व्यवसायीक वाख्रा फर्म विस्तार भै मासु उत्पादनमा अभिवृद्धि हुने। | गा.पा. स्तर |
| ८. | माछा पोखरी निर्माण | १ वटा | यूवा व्यवसाय प्रवर्द्धन गरी आय आर्जन अभिवृद्धि गर्न। | वडा नं. २ |
| ९. | जै घाँस विउ वितरण | ११२० के.जी. | व्यवसायिक पशु फर्मलाइ उन्नत आहार उत्पादन गर्न। | गा.पा. स्तर |

| | | | | |
|---|---|---|---|---|
| १०. | नेपियर, वदाम, सेटेरिया र पासपलम घाँसको विरुवा | १,३०० सेट | व्यवसायिक पशुफार्मलाइ उन्नत आहार उत्पादन | गा.पा. स्तर |

१८. संघीय सरकारको सहयोगमा यस गाउँपालिकाको वडा नं १ कुँहु पूर्णगाउँ र वडा नं २ हिदीमा आलु पकेट क्षेत्र घोषणा र वडा नं २ सिमलचौर रणवाङ र वडा नं ५ पिपलबोट छिस्वाङमा धान पकेट क्षेत्र घोषणा गरी आलु तथा धानको उत्पादन वृद्धि गर्ने लक्ष्य लिइएको छ ।त्यस्तै वडा नं ३ झाक्रेपानी वडा नं ४ धापुङ र वडा नं ५ किमचौरमा आलु ब्लक सञ्चलान गरिएको छ ।

१९. बाख्रापालनलाई व्यवसायिक र आधुनिक बनाउन वडा नं २ को सल्यान भाइवाङ खुम्लियामा बाख्राखोर मर्मत घाँसविउ र चापकटर मेसिन अनुदानमा वितरण गरिएको छ ।

२०. प्रदेश सरकारको मुख्यमन्त्री कृषि नमुना कार्यक्रम यस गाउँपालिकाको वडा नं. २, ३ र ५ मा नमूना कृषक समूह मार्फत् संचालन गरिएको छ ।

२१. गाउँपालिकाले गाउँपालिका भित्र प्राकृतिक तथा मानव सृजित घटनाहरुको तत्कालै सम्वोधन गरी स्थानीय सरकारको अनुभूति दिने प्रयास गर्दै आएको छ। वेनी-दरवाङ्ग सडक खण्डको फापरखेत देखि दुखुखोलासम्म सडक आकस्मिक मर्मत सम्भार गरिएको छ। साथै दुर्घटनामा घाइतेको तत्काल उद्धारका लागि हेलिप्याडको निर्माण गरिएको छ। सो प्रयोजनका लागि विपद व्यवस्थापन कोषबाट तत्काल वजेट प्रवन्ध गर्नुका साथै अग्नि पिडीत, वाढी पिडित, दैवी प्रकोपका क्षेत्रमा आर्थिक सहायता समेत प्रदान गर्दै आएको छ।

२२. सवै वडाका ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचय-पत्र वितरण कार्य गाउँपालिकाको कार्यालयवाट गरिएको छ। महिला क्षमता अभिवृद्धि तथा सशक्तिकरण कार्यक्रम लगायत लैङ्गिक हिंसा विरुद्धको अभियान विद्यालय र समुदाय स्तरमा संचालन गरिएको छ।

२३. सुन्दर व्यवस्थित वावियाचौर बजार निर्माण अभियान अन्तरगत प्रदेश सरकारको शसर्त कार्यक्रम सहयोगमा बावियाचौर बजारको मुख्य सडक पिच सम्पन्न गरिएको छ भने शाखा सडकहरु समेत पिच सम्पन्न गरी व्यवस्थित वनाइनेछ ।

२४. त्यस्तै गण्डकी प्रदेश सरकारको समपुरक अनुदानमा यस गाउँपालिकाले गौरवका योजनाहरुको रुपमा सिम-कोत्रवाङ्ग-कुहुँ-टोड्के सडक खण्डको सिम-कोत्रवाङ-खुम्ल्या-पैयूपाटा कुहुँ देउराली डाँडा-अँधेरी खोल्सा-पूर्णगाउँमा स्तोरउन्नति कार्य भएको छ

२५. राष्ट्रिय योजना आयोगको समपुरक अनुदानमा पोक सातविसे बरंजा सडक खण्डको ज्यामिरे, पहिरो खोरिया, हाँसेडाँडा, वडा कार्यालयहुदै मोहनखोल्सा सम्म स्तोरउन्नति, गाउँपालिका र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको वजेटवाट पुलचोक-पिपलवोट-पाँखु-धारा-सिर्कुम-टिकावाङ मोटरवाटोको हाँडेभिर संरक्षण र सडक निर्माण कार्य भएको छ ।

२६. गाउँपालिकाको आफ्नै लगानीमा वावियाचौर-सल्यान भर्जुला थाइवाङ हिदि सडक खण्डको भाइवाङखोला-सल्यान-भर्जुला-हिदीमा स्तरोन्नति, सान्तुङ्ग-टुनीवोट-आर्भाङ खण्डमा स्त्तोरन्नति-पखेर-पिङ्गे-हाँसेडाँडा स्तोरउन्नति, सिम-कोत्रवाङ-खुम्ल्या-पैयुपाटा-कुहुँ-टोड्के नमुना सडक निर्माण स्तोरउन्नति, मंगला शिक्षा क्याम्पस भवन निर्माण, सिमलचौर मिठौला डडुवा मोटरवाटो स्तरोन्नती सम्पन्न भएको छ । गाउँपालिका र सडक वोर्ड नेपालको लागत साझेदारीमा पिपलवोट छिस्वाङ सडक खण्डको कुर्शिमलामा सडक स्तोरउन्नति उपभोक्ता समिति मार्फत् गरिएकोछ।

२७. जिल्ला समन्वय समिति म्याग्दीको समेत लागत साझेदारीमा गाउँपालिकाको वडा नं.४ बुकेनीमा वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गरि सञ्चालनमा आएको छ । जसबाट गाउँपालिकाको ५ वडा कार्यालयको आफ्नै भवनबाट सेवा प्रवाह भएको छ ।

२८. गाउँपालिकाको पहलमा जिल्ला पुर्वाधार कार्यालय म्याग्दी र सडक डिभिजन कार्यालय वाग्लुङ मार्फत् पोक नेटा किम्चौर सडकको स्तोरउन्नति गरिएकोछ ।

२९. मानव स्वास्थ्यसंग प्रत्यक्ष सरोकार राख्ने फोहर मैला व्यवस्थापनको लागि वावियाचौर वजारको फोहोरमैला व्यवस्थापन गर्न वजारमा ढल निकास निर्माण योजनालाइ निरन्तर रुपमा संचालन गरिएको छ।

३०. पर्यटन पूर्वाधार विकास गर्न वडा नं २ वावियाचौरमा गाउँपालिकाको नाममा जग्गा व्यवस्था गरि गाउँपालिकाको लागतमा मंगला इन्देणी पार्क निर्माण कार्य र गण्डकी प्रदेश तथा पालिकाको लागत साझेदारीमा संग्रालय निर्माण कार्य अन्तिम चरणमा रहेको छ।

३१. गाउँपालिकावाट चालु आ.व. मा वरंजा धापुङ सिले अर्गल सडक, चौरपानी भिरकटेरा देखि टोड्के सडक र रणवाङ दरुङ तल्लो हिदी मालिका सडकको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन तयार गरी सडक निर्माण कार्य सुरु गरिएको छ ।

३२. गाउँपालिकावाट चालु आ.व. मा वावियाचौर-काफ्लचौर-सल्यान-भर्जुला-थाइवाङ-हिदी नमुना सडक निर्माण मर्मत् तथा स्तोरउन्नति, मंगला-१ र २, पुलचोक-पिपलवोट-पाँखु-धारा-सिर्कुम-टिकावाङ मोटरवाटो स्तोरउन्नति, मंगला-५, १० शैयाको अर्मन प्राथमिक अस्पताल, सिमलचौर-लामोछहरा-खानीगाउँ-पूर्णगाउ- टोड्के पर्यटन पदमार्ग निर्माण, वावियाचौर स्वास्थय चौकी रणवाङ योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरि कार्यान्वन प्रकृया अगाडि वढाइएको छ ।

३३. म्याग्दी नदीले खेतियोग्य जमिन तथा वस्तीमा पुर्‍याएको क्षतिको संरक्षणका लागि भू तथा जलाधार क्षेत्र संरक्षण कार्यालय र जिल्ला विपद् व्यवस्थापन समितिको सहयोगमा हाँडेभिर, सहस्रधारा, र काँसेवगरमा नदि नियन्त्रणका कार्यहरु गरिएको छ ।

३४. राष्ट्रिय योजना आयोग, सिहंदरवार, काठमाण्डौको २०७७ मङ्गिसर ३० गते सार्वजनिक सुचना अनुसार समपुरक अनुदान र विशेष अनुदानमा स्थानियतहले दुवै तर्फ प्रत्येकमा ५/५ वटा योजना माग गरी पौष मसान्त भित्र प्रस्ताव पेश गरिएकोमा आ.व. ०७८/७९ का लागि पोक-सातविसे-वरंजा ३ नं वडा कार्यालय हुदै ४ नं वडा कार्यालय जोड्ने मोटरवाटो, मंगला-३ र ४ तथा ५ को सडकलाइ रु. १ करोड ३९ लाख रुपैयाँ, समपुरक र वावियाचौर स्वास्थ्य चौकी भवन निर्माण रकम रु. ९१ लाख रुपैयाँ विशेष अनुदान र प्रदेश

योजना आयोग गण्डकी प्रदेशवाट समपुरक अनुदानमा १ करोड रुपैयाँ  प्राप्त भएको सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

माग गरिएका योजनाहरु:

क) समपुरक अनुदान तर्फ

१. पोक-सातविसे-वरंजा ३ नं वडा कार्यालय हुदै ४ नं वडा कार्यालय जोड्ने मोटरवाटो, मंगला-५,३र ४

२. वावियाचौर-काफ्लचौर-सल्यान-भर्जुला-थाइवाङ-हिदी नमुना सडक निर्माण मंगला-२र १

३. सिम कोत्रवाङ-खुम्ल्या-पैयुपाटा-कुहुँ-टोड्के नमुना सडक निर्माण स्तोरउन्नति मंगला-२र १

ख) विशेष अनुदान तर्फ

१. वावियाचौर स्वास्थ्य चौकी भवन निर्माण, मंगला-२

२. महेन्द्ररत्न माध्यामिक विद्यालय आवासिय भवन, मंगला-३

३. मंगला शिक्षा क्याम्पस छात्रावास निर्माण, मंगला-२

३५. आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेश पोखराको मिति २०७७/१२/०३ को पत्रानुसार आ.व. ०७८/०७९ को अन्तरसरकारी वित्तिय हस्तान्तरणका लागि आयोजना तथा कार्यक्रम पेश गर्न भनिएकोमा सशर्त, समपुरक र विशेष अनुदानमा स्थानियतहले प्रत्येकमा ३/३ वटा योजना माग गरि २०७७ चैत्र मसान्त भित्र प्रस्ताव पेश गर्नुहुन भनि उल्लेख भएकाले  मंगला गाउँपालिकावाट प्राथमिकताका आधारमा तपशिलमा उल्लेखित योजनाहरुको प्रस्ताव पेश गरियो ।

**माग गरिएका योजनाहरु:**

क) सशर्त अनुदान तर्फ

१. वरंजा धापुङ अर्गल सिले सडक

२. वावियाचौर-काफ्लचौर-सल्यान-भर्जुला-थाइवाङ-हिदी नमुना सडक निर्माण मर्मत तथा स्तोरउन्नति, मंगला-२ र १

३. पखेर-डोरेभिर-सातविसे-पोक सडक, मंगला-३ र ५

ख) समपुरक अनुदान तर्फ

१. सिम कोत्रवाङ-खुम्ल्या-पैयुपाटा-कुहुँ-टोड्के नमुना सडक निर्माण स्तोरउन्नति मंगला-२ र १

२. पुलचोक-पिपलवोट-पाँखु-धारा-सिर्कुम-टिकावाङ मोटरवाटो स्तोरउन्नति, मंगला-५

३. सिमलचौर-मिठौला-कुकुरविसौना-तल्लोडडुवा हुदै टोड्के सडक निर्माण मर्मत तथा स्तरउन्नती

ग) विशेष अनुदान तर्फ

१. महेन्द्ररत्न माध्यामिक विद्यालय आवासिय भवन निर्माण

२. वावियाचौर स्वास्थ्य चौकी भवन निर्माण

३. सिमलचौर-लामोछहरा-खानीगाउँ-पूर्णगाउ- टोड्के पर्यटन पदमार्ग निर्माण

३६. मंगला गाउपालिकामा आधारभुत खानेपानी आपूर्तिका लागि गाउँपालिकावाट साना खानेपानी योजना निर्माण तथा स्तोरउन्नति गरिएको छ भने प्रदेश सरकारको आर्थिक सहयोगमा दुखुखोला रणवाङ खानेपानी, भर्जुला सल्यान खानेपानी, भाइवाङ पैयूपाटा खुम्ल्या खानेपानी र भर्जुला सल्यान खानेपानी, न्यूखोला जुकेपानी आल्टा वनाह खानेपानी योजना निर्माण सम्पन्न हुने चरणमा रहेका छन्।

३७. गण्डकी प्रदेस सरकारको काठेपोल विस्थापन कार्यक्रम अन्तरगत स्टील पोल प्राप्त गरी गाउँपालिका क्षेत्रभित्र रहेका विद्युत काठेपोल विस्थापन गरी स्टिल पोल मार्फत विद्युत प्रशारण लाइनलाई व्यवस्थित गर्ने कार्य सम्पन्न गरिएको छ ।

३८. मंगला गाउपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाघाटमा आवतजावत गर्नका लागि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम टिविएसयुको सहयोगमा काफलचौर कोत्रवाङ र न्यूखोला झोलुङ्गे पुल निर्माण समपन्न भएका छन भने प्रदेश सरकारको आर्थिक सहयोगमा लुलियाघाट र खोलाखर्क झोलुङ्गेपुल निर्माण सम्पन्न भएका छन ।

३९. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगत हाँडेभिर तटवन्धन रु. २४ लाख, अर्मनखोला तटवन्धन रु. ८ लाख, हिलवाङ खोला तटवन्धन रु. ११ लाख, नेटा खेलमैदान रु. ७ लाख, न्यूखोला महेश धापुङ सिर्फु सडक रु. ८ लाख, र धापुङ वुकेनी खेलमैदान रु. १० लाख निर्माण भैरहेको छ।

४०. गण्डकी प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार साझेदारी कार्यक्रम म्याग्दी ख अन्तरगत हिलवाङ्ग खोला खारा सिंचाइ योजना रु.४ लाख, पैयूँपाटा सामुदायिक भवन निर्माण रु. ५ लाख, मनकामना युवा क्लव खेलमैदान निर्माण रु. ५ लाख, ओखलढुङ्गा क्लसे वासवोट सिंचाइ योजना रु.५ लाख, मंगला शिक्षा क्याम्पस पूर्वाधार निर्माण रु. २५ लाख, रणवाङ्ग दरुङ हिदी खात्रुङखोला मोटरवाटो रु. १० लाख, शिव मन्दिर निर्माण पूर्णगाउँ रु. ५ लाख, पखेर पिङ्गे मोटरवाटो निर्माण रु. ११ लाख निर्माण भएका छन्।

४१. मंगला गाउँपालिका अन्तरगत रहेका हरेक गाउँटोल तथा वस्तिका नागरिकहरुको सामुहिक बैठक/भेला गर्नका लागि उनीहरुको पायक पर्ने स्थानमा एकीकृत सामुदायिक भवनको निर्माण कार्यहरु चालु आ.व. सम्ममा तपशिल अनुसार निर्माण भएको सम्मानित सभा समक्ष जानकारी गराउँद छु।

| क्र.सं. | योजनाको नाम | वडा नं | निर्माणको | लागत सहयोग | कैफियत |
|---|---|---|---|---|---|
| १. | लालि गुराँस सामुदायिक भवन | १ | निर्माण सम्पन्न | गा.पा. | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | एकीकृत सामुदायिक भवन न्यालेखोर | २ | निर्माण सम्पन्न | गा.पा. | |
| ३. | एकीकृत सामुदायिक भवन झाँक्रीपानी | ३ | निर्माण सम्पन्न | गा.पा. | |
| ४. | गतिशिल युवा क्लव सामुदायिक भवन | ३ | निर्माणधिन | जिसस म्याग्दी | १० लाख |
| ५. | न्यूस्टार युवा क्लव सामुदायिक भवन | ३ | निर्माणधिन | जिसस म्याग्दी | १० लाख |
| ६. | एकीकृत सामुदायिक भवन पाखर्क | ५ | निर्माण सम्पन्न | जिसस म्याग्दी | १०लाख |
| ७. | सिमलचौर एकिकृत सामुदायिक भवन | २ | निर्माण सम्पन्न | | |
| ८. | एकीकृत सामुदायिक भवन तल्लो हिदी | २ | निर्माण सम्पन्न | | |
| ९. | पैयूपाटा एकिकृत सामुदायिक भवन | १ | निर्माण सम्पन्न | | |

४२. गत आ.व.देखि नै कोभिड-१९ को निरन्तर प्रकोप र मनसुनजन्य विपद्का वावजुद पनि हाम्रा उपलव्धिहरु उत्साहवर्धक नै छन् । गाउँपालिकाले लिएका नीतिहरुको कार्यान्वयनबाट स्थानीय विकास र सुशासन पद्धति सुदृढ हुदै गएकाले गाउँपालिकाको समग्र विकास प्रकृया समृद्धिपथ उन्मूख भएको स्पष्ट हुन्छ।

४३. धर्म संस्कृतिका प्रवर्द्धन एवं संरक्षण गर्नका लागि दुर्गा कालिका मन्दिर पाँखु, चैतेदशै मन्दिर पूर्णगाउँ, शिवालय मन्दिर दह, शिवालय मन्दिर रणवाङ निर्माण तथा मर्मत सम्भार गरिएकोछ ।

**प्रमुख अतिथी एवं गाउँसभाका सदस्यज्यूहरु,**

अब म यहाँहरु समक्ष मंगला गाउँपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को लागि तर्जूमा गरिएको नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. मंगला गाउँबासीको विद्यमान चाहना र आवश्यकतालाई उपलब्ध सिमित साधन र श्रोतबाट एकै पटक र एकै आर्थिक वर्षमा सम्बोधन गर्न सकिने अवस्था नरहने

भएकोले यी समस्यालाई प्राथमिकताका आधारमा क्रमशः सम्बोधन गर्दै जाने नीति लिईनेछ ।

२. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका श्रमिक, साना किसान, असाह्य व्यक्ति र गरिव तथा विपन्न वर्गका परिवारलाइ लक्षित गरी स्वास्थ्य शिक्षा सीप विकास तालिमका साथै रोजगारी एवं आय आर्जनको लागि हरेक वडामा कम्तिमा एक वटा कृषि, पशु तथा जडिबुटी उत्पादन पकेट क्षेत्र निर्धारण कार्यक्रम संचालनमा ल्याइने छ।

३. कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि वन्दावन्दीलाइ प्रभावकारी वनाउन, राहत वितरण गर्न, औषधी उपलव्ध गराउन परिचालन गरिएका स्वयंसेवकहरुको कार्य अव उप्रान्त राष्ट्रसेवक कर्मचारी, प्रहरी र शिक्षकहरुवाट सम्पादन हुने व्यवस्था मिलाउदै जाने नीति अख्तियार गरिने छ।

४. समाजमा रहेका विद्यमान आर्थिक, भौतिक, शैक्षिक, सामाजिक/साँस्कृतिक, जातीय तथा लैंगिक विभेदहरुलाई न्यूनिकरण गर्दै समतामूलक समाज निर्माणमा जोड दिईने छ। यसका लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरणको नीतिलाइ आत्मसाथ गरिने छ।

५. स्थानीय विकास प्रकृयालाई वातावरण मैत्री र उत्थानशिल दीगो विकासको अवधारणा अनुसार अगाडि बढाउन सकिएन भने यसले विनाशलाई स्वतः निम्त्याउने कुरा सबैलाई अवगत भैसकेको छ। त्यसैले अव उप्रान्त विकासका हरेक क्रियाकलापहरुलाई दीगो तथा एकीकृत विकासको अवधारणा अनुसार स्थानीयबासीको समेत सक्रीय सहभागितामा गाउँपालिकाको दीगो तथा एकीकृत विकास योजना तयार पारी कार्यान्वयन गरिने छ। साथै प्रकोपबाट प्रताडित नागरिकलाई तत्काल उद्धार तथा राहतका लागि गाउँपालिकाले “दैवि प्रकोप तथा विपद व्यवस्थापन कोष“ स्थापना गरी लागू गरिने छ।

६. गाउँपालिकालाई आर्थिक क्षेत्रमा समेत आत्मनिर्भर बनाउँदै लैजान अत्यावश्यक छ । त्यसैले गाउँपालिकामा कर राजश्व र गैरकर राजश्वको दायरालाई फराकिलो पार्दै उपयुक्त कर प्रणालीको अबलम्बन गरी हरेक नागरिकलाई कर र राजश्व अनिवार्य तिर्नु पर्दछ भन्ने वास्तविकतालाई आत्मसात गर्ने नीति लिईनेछ। कोभिड-१९ को नयाँ भेरियन्टले आर्थिक वर्ष ०७७/०७८ मा पारेको प्रभावलाइ मध्य नजर गर्दै ०७८/०७९ का लागि प्रस्तावित करको दायरालाई चालू आ.व. अनुसार यथावतै कायम गरिने छ।

७. समाजको आर्थिक समृद्धि उपलब्ध श्रोत र साधनको वैज्ञानिक व्यवस्थापन र न्यायोचित वितरण प्रणालिमा भर पर्ने भएकोले गाउँपालिकामा रहेका हरेक श्रोत-साधनहरुको यथोचित व्यवस्थापनलाई उच्च प्राथमिकता दिदै आन्तरिक आयको दायरालाई बढाउनका लागि राजश्व/करको सम्भाव्यता अध्ययनको आधारमा करको दर न्यूनिकरण गरी सवैलाइ सहभागिता गराइने नीति लिईनेछ।

८. केन्द्रीय प्रशारण लाइन मार्फत विद्युतिकरण हुन बाँकि रहेका वडा नं ५ अर्मन क्षेत्रलाई विद्युतिकरण गर्ने कार्यमा संघ र प्रदेशको समन्वय एवम् सहयोगमा यथासक्य छिटो सम्पन्न गरि उज्यालो गाउँ पालिका घोषणा गरिने छ।

९. गाउँपालिका अन्तरगतका भौतिक तथा अन्य कुनै पनि विकास प्रकृयालाई पूर्णरुपले एकीकृत, जनमुखी तथा पारदर्शी बनाउदै सबै प्रकारका अनियमिततालाई न्यूनिकरण गर्दै आम नागरिकलाई सुशाशनको प्रत्याभूति हुने व्यवस्थालाइ निरन्तरता दिइने छ।

१०. गाउँपालिकामा हुन सक्ने सम्भावित आर्थिक तथा अन्य अनियमितताहरुलाई पूर्णतः नियन्त्रण तथा नियमन गर्नका लागि हरेक महिना प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्ष समक्ष प्रस्तुत गरेको विस्तृत प्रतिवेदन कार्यपालिकाको बैठकमा छलफलका लागि पेश गरिनेछ। समस्या र चुनौतीहरुको बिश्लेषण गरी समाधान गर्न उपयुक्त निर्णय लिईने छ।

११. कृषियोग्य उर्वर भूमिमा सिँचाईको आवश्यक व्यवस्था गर्दै कृषि र पशुपालन क्षेत्रलाई क्रमशः व्यवसायिक बनाउँदै लैजाने नीति लिईने छ। यसका लागि वडा र गाउँपालिका स्तरको योजनामा आवश्यक वजेटको व्यवस्था गरिने छ।

१२. स्थानीय उत्पादन र बजारीकरणमा देखा परिरहेको विद्यमान असन्तुलित मूल्यावस्थालाई वैज्ञानिक तथा व्यवहारिक ढङ्गले नियन्त्रण तथा सन्तुलन कायम गर्न आवश्यक पर्ने जनचेतनामूलक कार्यक्रमहरु सञ्चालनमा जोड दिदै वजार अनुगमन कार्यलाइ तिव्रता दिईने छ।

**१३.** गाउँपालिकाका हरेक गाउँ वस्तिलाई ग्रामिण सडक सञ्जालमा जोडिने छ। यस प्रकारका सडकहरुलाई हरित सडकको अवधारणा अनुसार स्थानीय जनसहभागिताको आधारमा समेत हरेक वडामा पुग्न कम्तिमा एक नमूना सडक निर्माण, विकास र विस्तारको थालनीलाई निरन्तरता दिदै सडक किनारामा वृक्षारोपण कार्य अगाडि वढाउने निति लिईने छ।

१४. समृद्ध समाज निर्माणको परिकल्पनालाई साकार पार्नका लागि समाजमा नैतिकवान, कर्तव्यनिष्ठ र उत्तरदायि नागरिकको आवश्यकता पर्दछ। यसका लागि गाउँपालिकाले “एकीकृत सामाजिक परिवर्तनका लागि प्रशिक्षण **(Schooling For Integrated Social Change)** कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ। यसका लागि अगामि आ.व. २०७८/७९ मा कार्यक्रम तथा बजेट प्रस्ताव गरिने छ।

१५. समाजमा देखिएको विद्यमान अवस्थाको धुम्रपान, मध्यपान तथा लागू पदार्थको दूर्व्यसनीका कारण जनधनको क्षति भइरहेको, समाजमा नकारात्मक प्रभाव सृजना भैरहेको, यसकै कारणले सुशासन सुधारमा असर परेकाले यस्ता विकराल अवस्था भित्र्याउने तत्वहरुको नियमन तथा नियन्त्रणलाई कडाईका साथ निरुत्साहित पार्न आवश्यक नियम-कानूनको तर्जूमा गरी विद्यालय र समुदाय स्तरमा कार्यक्रम लागू गरिने छ।

१६. मंगला गाउँपालिकामा उद्योग तथा स्वरोजगारको पूर्वाधार तयार पार्दै "एक बस्ती एक उद्यम, एक व्यक्ति एक सीप" को अवधारणा अनुसार आगामि १० वर्ष सम्ममा बेरोजगारीताको अन्त्य गर्ने दिशामा सम्पूर्ण क्रियाकलापहरुलाई केन्द्रीत गर्ने नीति लिइने छ।

१७. मंगला गाउँपालिकामा बेरोजगारिताको अन्त्य गर्ने लक्ष्य अनुरुप स्वरोजगारिताको लागि उद्यम तथा व्यवसाय गर्न ईच्छुक नागरिकहरुलाई सम्बन्धित उद्यम तथा व्यवसायसँग सम्बन्धित ज्ञान, सीप, धारणा तथा प्रविधिमूलक विभिन्न तालिम उपलब्ध गराउनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमवाट युवा रोजगारिका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गर्नका लागि लागत साझेदारी गरि प्रधानमन्त्री रोजगार कार्यक्रमको समन्वयमा कार्यक्रम संचालन गर्ने साथै उपभोक्ता समिति मार्फत खरिद गरि वितरण गर्ने व्यवस्था मिलाईने छ।

१८. शून्य दरबन्दी भएका विद्यलायमा लागत सहभागितको आधारमा शिक्षक अनुदान दिने कार्यक्रमलाइलाई निरन्तरता दिइने छ। शिक्षक दरबन्दी मिलान तथा शिक्षक स्थानान्तरण र ब्यबस्थापन लाई निरन्तर कायम राखिने छ। अत्यन्त न्युन् विद्यार्थी भएको विद्यालयलाई नजिकको विद्यालयमा समायोजन गर्न समुदायलाई प्रोत्साहन गरिने छ। ठुला विद्यालयहरुलाई आवासीय विद्यालयको रुपमा विकास गर्ने निती लिइने छ।

१९. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिको लागि विद्यालयमा विद्यालय पुस्तालय स्थापना, शिक्षणमा सूचना तथा संचार प्रविधिको प्रयोग, विज्ञान प्रयोगशालाको स्थापना जस्ता कार्यक्रमलाई निरन्तता दिइने छ।

२०. ५ बर्ष मुनिका बालबालिकाको बौद्धिक विकासमा पोषणको महत्वपूर्ण भूमिका हुने भएकोले **अध्यक्ष संग बालबालिका** कार्यक्रम संग आवद्ध गरी प्रारम्भिक बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरुलाई विद्यालय मार्फत् दैनिक १ गिलास दुध उपलब्ध गराउने ब्यबस्था मिलाइने छ।

२१. गाउँपालिकामा बालमैत्री संरचना तथा कार्यक्रम सञ्चालन गर्दै कम्तीमा एक वडालाई बालमैत्री वडा घोषणा गरिनेछ ।

२२. सामुदायिक विद्यलायको शैक्षिक ब्यबस्थापन सुधार गरि सामुदायिक विद्यालय प्रति अभिभावकको विश्वास अभिबृद्धि गर्न विद्यालय ब्यबस्थापन समिति र प्रधान अध्यापकको नेतृत्व र ब्यबस्थापकिय क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।

२३. सक्षम एवं जिम्मेवार शिक्षक, लगनशील विद्यार्थी र सुब्यबस्थित विद्यालय विकासका लागि विद्यार्थी, शिक्षक र विद्यालयलाई पुरस्कृत गरिने छ। विद्यालय संरचना निर्माणलाई बालमैत्री बनाइने छ। कक्षा ६-१२ सम्म अध्ययन गर्ने छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड वितरणको ब्यबस्थालाई प्रभावकारी बनाइने छ।

२४. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले गरेको ब्यबस्था बमोजिम कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी क्रमशः लागू गरिने छ। कक्षा १-३ सम्मको स्थानीय विषयको पाठ्यपुस्तक तयार पारी विद्यालयमा निःशुल्क वितरण गरिने छ।

२५. विद्यालयलाई आवधिक योजना निर्माण र अद्यावधिक गर्न अनिवार्य गरिने छ। योजना निर्माण गर्न कठिनाई भएका विद्यालयहरुलाई विद्यलाय सुधार योजना निर्माण गर्न प्राविधिक सहायता उपलब्ध गराइने छ।

२६. शैक्षिक सुशासन र प्रबर्द्धनका लागि जनप्रतिनिधी, कर्मचारी तथा विज्ञ शिक्षकहरुको समूह बनाई विद्यालयको सामुहिक सुपरीबेक्षण र पेशागत सहयोग उपलब्ध गराउने

ब्यबस्था मिलाईने छ। पालिका स्तरीय विज्ञ शिक्षकहरुको रोष्टर तयार पारी शिक्षकहरुलाई पेशागत सहयोग उपलब्ध गराइने छ।

२७. हरेक विद्यालयमा इन्टरनेटको पहुँच पुऱ्याउन आवश्यक ब्यबस्था मिलाइने छ। विद्यालयमा सूचना तथा संचार प्रविधिको आवश्यक ब्यबस्था सहित शिक्षक तथा विद्यार्थीलाई प्रविधी मैत्री बनाई आपतकालिन अबस्था र शङ्कटपूर्ण घडिमा समेत बैकल्पिक माध्यमबाट सिकाई सहजीकरण प्रकृयालाई निरन्तरता दिइने छ।

२८. विद्यालयको समग्र विकासमा गाउँपालिका अध्क्षय शैक्षिक सुधार कार्यक्रम मार्फत् विद्यालयको क्षमता विकास, सूचना तथा संचार प्रविधिको प्रयोग स्मार्ट स्कुल जस्ता कम्प्यूटर सफ्टवेर मार्फत् सामुदायिक विद्यालयको स्तरोन्नति गरिने छ।

२९. प्रारम्भिक वालविकास केन्द्रमा कार्यरत शिक्षकहरु र विद्यालय कर्मचारीहरुको न्यूनतम पारिश्रमिकमा काम गरेको विद्यमान अवस्थामा नेपाल सरकाले बजेट बक्तब्य मार्फत् रु.१५,००० (अक्षरुपी पन्ध्र हजार) न्यूनतम पारिश्रमिकको ब्यबस्थालाइ स्थानीय सरकारले पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने छ।

३०. शिक्षकहरुको पेशागत क्षमता अभिवृद्धिका लागि प्रदेश स्तरीय शैक्षिक तालिम केन्द्र, दमौलिसङ्ग समन्वय गरी व्यवस्थापन तथा शिक्षण विधि सम्वन्धि तालिम संचालनको व्यवस्था मिलाइने छ।

३१. प्रतिभा पहिचान कार्यकम मार्फत् शिक्षक तथा विद्यार्थीहरुमा लुकेको प्रतिभा पहिचान र प्रष्फुटनको कार्यक्रम अगाडि बढाइने छ।

३२. आमा र वच्चाको स्वास्थ्य र वाल विकासलाइ मध्यनजर गर्दै सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षकहरु सुत्केरी विदामा रहदाँ वैकल्पिक शिक्षकको व्यवस्था गरी पठनपाठनलाई सुचारु गरिने छ ।

३३. गाउँपालिका भित्र संचालनमा रहेका सामुदायिक सिकाइ केन्द्रलाइ सबलिकरण गरिने छ।सिकाइ संस्कृतिको विकासका लागि सामुदायिक पुस्तकालय स्थापना गर्न आवस्यक ब्यबस्था मिलाइने छ ।

३४. "योग गरौं स्वस्थ रहौं" भन्ने नाराका साथ गाउँपालिका स्तरमा योगाभ्यास कक्षा सञ्चालन गरिने छ। साथै विद्यालय तहमा योग शिक्षा सञ्चालन गर्न शिक्षक तथा विद्यार्थीलाइ प्रोत्साहन गर्ने नीति लिइने छ।

३५. विद्यालयको सुसासन, प्रवर्द्धनको लागि विद्यालयको प्रधानाध्यापकलाइ थप जवाफदेही र उत्तरदायि वनाउन आवश्यक कार्यक्रमको व्यवस्था गरिने छ। प्रधानाध्यापकलाइ नीजको कार्यकौशलताको आधारमा दिइदै आएको मासिक प्र.अ. भत्तामा प्रोत्साहन स्वरुप थप रकम उपलव्ध गराइने छ।

३६. गाउँपालिका अन्तर्गतका हरेक स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्रका हरेक विद्यालयका विद्यार्थिहरुको मासिक निःशुल्क स्वास्थ्य परिक्षण गर्ने नितिलाई कडाइका साथ लागू गरिने छ।

३७. स्वास्थ्य संस्थाको सहयोगि भुमिकामा रहि समुदायमा महिला स्वयं सेविकाको रुपमा काम काज गर्दै समुदायमा चेतना फैलाउने महिला स्वयं सेविकाहरुलाइ प्रोत्साहित गर्नका लागि नेपाल सरकारवाट प्राप्त प्रोत्साहन भत्ताको व्यवस्थालाइ प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

३८. कोभिड-१९ को प्रभावको न्यूनिकरण गर्न सर्ने तथा नसर्ने रोगको रोकथाम तथा नियन्त्रण र व्यवस्थापनका लागि जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रमहरु निरन्तर रुपमा संचालन गरिने छ।

३९. कोभिड-१९, डेङ्गो, स्क्रप्ट टाइफस, एचआइभि, टिभि आदि सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि विद्यालय तथा वडा स्तरीय सचेतना कार्यक्रमका

साथसाथै परिक्षण र न्यूनिकरणका लागि मंगला गाउँपालिकावाट स्वास्थ्य स्वयं सेवक समिति गठन गरि परिचालन गरिने छ।

४०. समाजमा पछि परेको वर्ग, लिङ्ग, जाती तथा वालवालिका, जेष्ठ नागरिक अपाङ्ता भएका ब्यक्तिलाइ प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाइ प्राथमिकता दिइने छ। महिला शसक्तीकरण, सुरक्षित गर्भपतन र प्रजनन् स्वास्थ तथा सरसफाइ, बालबालिकाको पोषणमा सुधार गर्नका लागि पोषण सुधार योजना तयार गरिएकाले कार्यान्वयनका लागि महिला लक्षित कार्यक्रमलाइ महिलासङ्ग उपाध्यक्ष कार्यक्रम आवद्ध गरीने छ। गाउपालिका भित्रका स्वाथ्य संस्थामा सुत्केरी हुने आमाहरुका लागि उपाध्यक्ष उपहार कार्यक्रम मार्फत् प्रोत्साहान गरिने छ। वालवालिकाको लागी पोषण सुधार कार्यक्रमलाई आ.व.०७८/०७९ लाइ वृहत स्वाथ्य सचेतना वर्षको रुपमा सञ्चालन गरिने छ।

४१. न्यायीक समितीको क्षमता विकास गरिनुका साथै न्यायीक कार्य सम्पादनलाइ सहज सरल र प्रभावाकरी वनाउन कानुनी साक्षरता तथा मेलमिलाप कार्यक्रम सञ्चालन गरिने छ।

४२. पश्चिम म्याग्दी क्षेत्रमा रहेको एक मात्र मंगला शिक्षा क्याम्पसलाई वहुविषयक क्याम्पसमा रुपान्तरण गर्नका लागि आवश्यक पर्ने आधारभूत आर्थिक, भौतिक तथा अन्य व्यवस्थापकीय क्षेत्रमा क्रमशः सहयोग गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ।

४३. खेलाडीहरु राष्ट्रका गौरव, ईज्जत र प्रतिष्ठा भएकोले मंगला गाउँपालिका अन्तर्गत रहेका आम खेलप्रेमी यूवाहरुलाई गोलबद्ध गर्दै उनीहरुको चाहना र आवश्यकता अनुसारको खेलकुद र यससँग सम्बद्ध सवै पक्षको विकास, विस्तार एवम् व्यवस्थापन गर्न गठन भएको मंगला गाउँपालिका स्तरीय खेलकुद विकास समिति मार्फत्

गाउँपालिका स्तरीय खेलकुद र विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना गरिने छ।

४४. मंगला गाउँपालिका अन्तरगत बजार विकास भैसकेका स्थानहरु र वजार उन्मुख स्थानमा फोहरमैला व्यवस्थापन गर्न ल्याण्डफिल साईटको खोजी गर्ने र बजार क्षेत्रको फोहरमैला व्यवस्थापन गर्ने गरिएको ल्याण्डफिल साईटको सुरक्षित व्यवस्थापन गर्दै बजार क्षेत्रमा क्रमशः ढल निकासको समेत व्यवस्था गर्दै जाने कार्यलाइ निरन्तरता दिइने छ।

४५. मंगला गाउँपालिका अन्तरगत रहेका हरेक गाउँटोल तथा वस्तिका नागरिकहरुको सामुहिक बैठक/भेला गर्नका लागि उनीहरुको पायक पर्ने स्थानमा एकीकृत सामुदायिक भवनको निर्माण गर्न सहयोग गरिने कार्यलाई निरन्तरता दिईने छ।

४६. मंगला गाउँपालिकाको समग्र पर्या-पर्यटन विकासलाई आय-आर्जनको प्रमुख क्षेत्रको रुपमा विकास गर्न भैरहेका पर्यटकीय स्थलहरुमा पदमार्ग, सामुदायिक लज, भ्यू टावर, पार्क निर्माण एवम् होम स्टे निर्माण कार्य गरिने छ। यसका लागि नयाँ सम्भाव्यता अध्ययन गरि विस्तृत परियोजना प्रतिवेदनका आधारमा संघीय र प्रदेश सरकारसंगको सहकार्यलाइ जोड दिइने छ।

४७. कोभिड-१९ को प्रभावको कारण वालवालिकाहरुमा पर्न गएको मनोवैज्ञानिक असरलाइ न्यूनिकरण गर्नका लागि स्वास्थ्य/खेल तथा मनोरञ्जनको माध्यमबाट नकारात्मक मनोवैज्ञानिक असरलाइ कम गर्नका लागि एक वडा एक वाल उद्यान निर्माण गर्ने नितिलाइ निरन्तरता दिइने छ।

४८. मंगला गाउँपालिका अन्तर्गत रहेका भाषा, सँस्कृति, साँस्कृतिक-धार्मिक तथा ऐतिहासिक स्थलहरु जस्तैः कोट, मन्दिर, गुम्बा आदिको संरक्षण तथा संबर्द्धनका लागि आवश्यक कार्यक्रमहरु तय गरी सञ्चालन गरिने छ।

४९. यस गाउँपालिका क्षेत्रमा पाईने भौगोलिक तथा पर्यावरणीय हिसाबले सम्भव हुने उच्च मूल्यदरका जडीबुटी प्रजातिहरुको व्यवसायिक खेति विस्तारलाई प्राथमिकताका साथ अगाडि बढाउने गरी ०७४/०७५ बर्ष देखि शुरु गरिएको जडिवुटी खेती र प्रविधिलाई आगामी आर्थिक वर्षमा थप विस्तार र विकासका लागि वन तथा वातावरण क्षेत्रमा पर्याप्त वजेट व्यवस्था गरिने छ।

५०. गाउँपालिका क्षेत्रमा रहेका खाली, पर्ति, चउर, नदी उकास क्षेत्र तथा सडक किनाराको खाली स्थानहरुको लगत तयार पारी भू-क्षय रोकथामका लागि स्थानीय सहभागिताको आधारमा पोषिला भूईं तथा डाले घाँस, अम्रिसो, बाँस निगालोको व्यापक वृक्षारोपण गरी हराभरा गराउने नीतिलाई निरन्तरता दिइने छ।

५१. स्थानीय समुदायको अग्राधिकारलाइ व्यवहारिक रुपमा प्रत्याभूत गराउन वनको दिगो व्यवस्थापन, संरक्षण तथा उपयोगमा समुदायको जिम्मेवारी अभिवृद्धि गर्दै वनक्षेत्रवाट अधिकतम लाभ उठाइ न्यायोचित वितरणको माध्यमवाट स्थानीय समुदायको आर्थिक सामाजिक पर्यावरणीय र भौतिक लगाएतका विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने साथै आर्थिक समृद्धि र दिगो विकासको लक्ष्य प्राप्ति गर्न थप योगदान पुऱ्याउने निति लिइने छ।

५२. गाउँपालिका क्षेत्रभित्र रहेका बाँझो जग्गाको लगत संकलन गरी जग्गा धनीसंगको सहकार्यमा भूमि व्यवस्थापन तथा सदुपयोगको लागि स्थानीय कृषकहरुको सहभागितामा बाँझो जग्गामा कृषि तथा पशुपालन व्यवसाय संचालन गर्ने नीति लिइने छ।

५३. मंगला गाउँपालिका क्षेत्रभित्र उत्पादित कृषि उपजहरुको भण्डार तथा व्यवस्थापनको लागि प्रदेश र संघीय सरकारको समन्वयमा चिस्यान केन्द्र निर्माण गर्ने व्यवस्था मिलाइने छ।

५४. मंगला गाउँपालिकाको वडा नं १ मा रहेको घट्टेखोला ठेउलेनी कान्नालाइ कृषि सडकको रुपमा निर्माण तथा स्तोरउन्नतिको लागि वजेट व्यवस्था गरिने छ।

५५. आम नागरिकले पाउनु पर्ने आधारभूत स्वास्थ्य सेवालाई अनिवार्य गराईने छ। यसको लागि मंगला गाउँपालिका अन्तरगतका सबै स्वास्थ्य सँस्थाहरुको सुदृढीकरण गर्दै अधिकाँश नागरिकहरुलाई पायक पर्ने नजिकको स्थानमा स्वास्थ्य परीक्षण केन्द्र/सामुदायीक स्वास्थ ईकाई खडा गरी मासिक रुपमा निःशुल्क स्वास्थ्य परीक्षण गर्ने व्यवस्था र अत्यावश्यक औषधिहरुको सहज आपूर्ति र वितरणलाई सुनिश्चित गरिने छ। अर्मन स्वास्थ्य चौकीमा एक्स् रे र ल्याव संचालन गर्नका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनको लागि प्रकृया अगाडि वढाइने छ ।गाउँपालिकामा एम्वुलेन्स सेवा प्रदान गर्न एम्वुलेन्स व्यवस्थापन गरिनेछ ।

५६. संघीय सरकारको सहयोगमा १० शैयाको आधाभूत अस्पताल निर्माण कार्यलाई जोडतोडका साथ कार्यान्वयन गरी आधारभूत स्वास्थ्य सेवा व्यवस्था गरिनेछ ।

५७. मंगला गाउँपालिका अन्तरगत बसोबास गर्ने अति विपन्न गरीव परिवारलाई निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गर्नका लागि आवश्यक वजेटको व्यवस्था गरिने छ।साथै स्वास्थ्य विमा कार्यक्रम सवै नागिरकलाई अनिवार्य गरिनेछ ।

५८. संघीय सरकारको निति तथा कार्यक्रममा उल्लेख भए अनुसार यस मंगला गाउँपालिकामा प्राप्त रकमलाइ प्रधानमन्त्री रोजगार कार्यक्रमसंग समन्वयन गर्दै युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजनाहरु क्रमिक रुपमा अगाडि वढाउने नितीलाइ पूर्ण रुपमा कार्यान्वयन गरिने छ।

५९. गाउँपालिका अन्तरगत सञ्चालन हुने ऐतिहासिक तथा साँस्कृतिक वा अन्य कुनै पनि स्थानीय पर्वहरु गाउँपालिकाले आफै आयोजना गरेकोमा बाहेक अन्य अवस्थामा

नियमपूर्वक दर्ता भएका सँघसँस्थाहरुले गाउँपालिकाको पूर्व स्वीकृति लिएर विद्यालयको पठन पाठनमा अवरोध नआउने गरी बढीमा ५ दिन मात्रै सञ्चालन गर्न पाईने व्यवस्थालाई निरन्तरता दिइने छ।

६०. दलित, जनजाति, महिला, अपाङ्गता भएका नागरिक, द्धन्द पिडित, यूवा, ज्येष्ठ नागरिक, बालबालिका समेतलाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमहरु संचालन गर्दै आइरहेकोमा उक्त क्षेत्रका नागरिकहरुको चाहना, आवश्यकता र पेश भएको प्रस्तावना-पत्रको आधारमा कार्यक्रमहरु छनौट गरी प्राथमिकता साथ सञ्चालन गर्ने नीति लाइ निरन्तरता दिइने छ।

६१. यस गाउँपालिका क्षेत्र अन्तरगतका ऐतिहासिक, पुरातात्विक, सामाजिक-साँस्कृतिक महत्वका लोपोन्मुख वस्तुहरु तथा सम्पदाहरुको संरक्षण, संबर्द्धन तथा व्यवस्थापन गर्नका लागि निर्माणधिन संग्रहालयलाइ सम्पन्न गरि संचालनमा ल्याइने छ।

६२. झाँक्रिपानी, चाँगा, तिनचुले, चिनाकोट दरवार, टोड्के, मालिकाधुरी, सिमलचौर लामोछहरी, लट्टेखोरियामा, कुँहु गुफा पर्यटन पूर्वाधार विकास तथा प्रचारप्रसार गर्ने कार्यलाई वढावा दिई पर्यापर्यटन विकास गरिनेछ ।

६३. स्वास्थ्य र पर्यटन प्रवर्द्धनको लागि पर्यटन पदमार्गहरु खोजी तथा निर्माण कार्य गरिनेछ ।

६४. मंगला गाउँपालिका अन्तरगत सञ्चालन हुने भौतिक विकासलाई सुचारु गर्न **"बस्ति विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, २०७२"** मा उल्लेख भएका प्रावधानहरुलाई आधार मान्दै यस गाउँपालिकाको लागि उपयुक्त र व्यवहारिक मापदण्ड समेत तयार पारी भवन निर्माण नक्शापास कार्यलाई कडाइका साथ लागू गरिने छ। साथै मिति २०७५/०१/१२ गतेको

दोस्रो गाउँसभावाट पारित गाउँपालिका क्षेत्रका सबै प्रकारका मोटरवाटोहरुको बर्गिकरण अनुसारको सडक मापदण्डलाई पालना गरिने छ।

६५. मंगला गाउँपालिका अन्तर्गत सञ्चालन हुने भौतिक पूर्वाधार विकासलाई स्थानीय नागरिकहरुले थप अपनत्वको अनुभूती गरुन् भनेर यस्ता योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा कम्तिमा १० देखि १५ प्रतिशत रकम बराबरको स्थानीय जनसहभागिता (नगद, वस्तु वा श्रम) जुटाउनुका साथै भौतिक पूर्वाधार तर्फको पुँजिगत खर्च तर्फ कट्टा हुदै आएको ४% प्रशासनिक व्यवस्थापन खर्च/कन्टेन्जेन्सी रकमलाइ निरन्तरता दिइ एक प्रतिशत रकमलाइ मंगला कोरोना प्रकोप कोषमा र वाँकी रकम योजना तथा कार्यक्रममा खर्च गरिने छ।

६६. मंगला गाउँपालिका अन्तर्गतका श्रोत र साधनको परिचालनबाट सम्पन्न गर्न नसकिने योजना तथा कार्यक्रमहरुलाई प्रदेश तथा संघीय सरकार समक्ष पेश गरी उक्त योजना तथा कार्यक्रमहरु प्राप्त गर्न विशेष पहल समेत गरिने छ।

६७. मंगला गाउँपालिका क्षेत्र भएर वग्ने म्याग्दी नदीले खेतियोग्य जमिन तथा वस्तीलाइ पुऱ्याएको क्षतिलाइ संरक्षण गर्नका लागि गाउँपालिकावाट तयार पारिएको म्याग्दी खोला नदी नियन्त्रण विस्तृत परियोजना प्रतिवेदनलाइ आवश्यक कार्यान्वयन गर्नका लागि प्रदेश र संघीय सरकारसंगको सहकार्यमा निर्माण प्रकृया अगाडी वढाइने छ।

६८. कृषि तथा पशुपालनलाई प्रोत्साहन गरी व्यवसायिक तथा आधुनिक वनाउन विउविजन तथा यन्त्र उपकरणमा अनुदान नीति लिइने छ।

६९. व्यावसायिक र आधुनिक कृषि तथा पशुपालन मार्फत उत्पादन वृद्धिको लागि पकेट क्षेत्र निर्माण गरी कार्यान्वयन गरिनेछ ।

७०. प्राङ्गारिक मल र रसायन मुक्त उत्पादनलाई थप प्रभावकारि र उपयोगी बनाउनलाई गाउँपालिका अन्तर्गतका घर, विभिन्न माध्यमिक विद्यालय तथा सार्वजनिक स्थलमा

मानव-मूत्र एवं पशु-मुत्र संकलन तथा प्रयोग गर्ने विधि प्रकृयालाइ निरन्तरता दिंदै वैज्ञानिक भकारो सुधार र सार्वजनिक शौचालयको निर्माण गरिने छ।

७१. कृषि प्रणालीलाइ वातावरण मैत्री वनाउदै कृषिको यान्त्रीकिकरण, औद्योगिकरण, व्यवसायीकरणको माध्यमवाट उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी आयातित उपजलाइ प्रतिस्थापन गर्दै कृषि उद्यमी र उद्योगको विकास गर्न स्थानीय श्रमशक्तिको सिप तथा क्षमताको अभिवृद्धि गरि आय तथा रोजगारि सृजना गर्दै उत्पादकत्व वढाउन युवा सशक्तिकरणलाइ जोड दिइने छ।

७२. नागरिकको आधारभूत आवश्यकता रहेको बासको लागि खरले छाएका घरहरुलाई विस्थापित गरि कर्कट पाता छाउने नीतिलाई सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत निरन्तरता दिईने छ।

७३. चालु आर्थिक बर्षदेखि संयुक्त लगानीका आयोजना कार्यान्वयनका लागि आवश्यक रकम सहितको समपुरक कोषको व्यवस्थापन कार्यलाइ निरन्तरता दिइने छ।

७४. शैक्षिक क्षेत्रको समग्र विकास र गुणस्तरमा सुधार गर्न शिक्षकको पेशागत क्षमता अभिवृद्धिका लागि उपयुक्त नीतिगत व्यवस्थाका साथसाथै आवश्यक रकम सहितका योजना तथा कार्यक्रमहरु सञ्चालन गरिने छ।

७५. गाउँपालिका क्षेत्रमा हुने विकासका गतिविधिहरुको मापन हुने गरी विकासको स्तर (Development Standards) निर्धारण गरी एकरुपता ल्याउन आवश्यक पर्ने कानूनी तथा प्राविधिकीय व्यवस्था मिलाईने छ। समग्र गाउपालिकाको निर्माणधिन आवधिक र रणनैतीक योजनालाइ प्रभावकारी कार्यान्वयन गरिने छ।

७६. गाउँपालिका क्षेत्रमा कार्यक्षेत्र रहेका उत्पादन तथा सेवामुलक सहकारी संस्थाहरु र वित्तिय क्षेत्रको सुदृढीकरण साथै खोलौं वैक खाता भन्ने अवधारणालाइ कार्यान्वयन गर्दै जनताको घरदैलोवाटै आर्थिक कारोवार गर्न सक्ने गरि वैकं वित्तिय संस्था तथा

सहकारीसंग समन्वय र सहकार्य गरि आर्थिक कारोवार सुरक्षित, व्यवस्थित र मितव्ययी तरिकाले भय रहित वातावरणमा संचालन गर्न प्रोत्साहन गरिने छ।

७७. जनतासंग सहकारी कार्यक्रमलाइ सहकार्य गर्दै सहुलियत कृषि ऋण प्रदानका लागि आवश्यक समन्वय गरिने छ।

७८. सुरक्षित, स्वच्छ र सुलभ खानेपानीको व्यवस्था गर्न मिटर जडित एकघर एकधारा खानेपानी योजना निर्माण गर्ने नीतिलाई प्राथमिकताकासाथ कार्यान्वयन गर्ने गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता रणनैतिक योजना निर्माण गरि कार्यान्वनमा ल्याउनका लागि आवश्यक व्यवस्था मिलाइने छ।

७९. सञ्चार माध्यम, सञ्चार गृह र यसमा संलग्न सबै पक्षको विकास र सम्बृद्धिलाई ध्यान दिँदै स्थानीय तहमा समेत संस्थागत विकास गरिने छ।

८०. प्रभावकारी न्याय सम्पादनको लागि गाउँपालिका न्यायिक समितिलाई तालिम तथा स्रोत साधन, कानुनी परामर्श सेवा लगायतको व्यवस्थापन गरिनेछ । समाजमा हुने द्वन्द व्यवस्थापन गरी मेलमिलाप गर्न वडा स्तरमा मेलमिलाप केन्द्रको स्थापना र संचालनका लागि आवश्यक व्यवस्था मिलाइने छ।

८१. मंगला गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजानिक जग्गाहरुलाई स्थानीय तहको आवश्यकताका आधारमा स्वामित्वमा ल्याउने प्रक्रियालाइ अगाडी वढाइनेछ ।

८२. मंगला गाउँपालिकावाट संचालन हुने आयोजनामा काम गर्ने श्रमिकहरु १५ (पन्ध्र) जनाको सामुहिक दुर्घटना विमा गर्ने नितिलाइ निरन्तरता दिइने छ।

८३. मंगला गाउँपालिका क्षेत्र भित्रका गरीव, विपन्न, जेहन्दार तथा पछाडि पारीएका/अति विपन्न परिवारका विद्यार्थीहरुका लागि शैक्षिक सामाग्री उपलव्ध गराउन र प्राविधिक शिक्षा हाँसिल गर्न छात्रवृति प्रदान गर्ने कार्यलाइ निरन्तरता दिइने छ।

८४. मंगला माध्यामिक विद्यालयमा कृषि प्राविधिक धारको कक्षा सञ्चालन गरी कृषि क्षेत्रको अध्ययन अनुसन्धान कार्यमा गरिनेछ ।

८५. गाउँपालिका स्तरका उत्कृष्ट कृषक, आमा समूह, विद्यालय, वाल शिक्षा सहजकर्ता, युवा क्लव, स्वास्थ्य कर्मी, महिला स्वयं सेविका, खेलाडी, उपभोक्ता समिति समेतलाइ प्रोत्साहन गर्ने र गाउँपालिकामा उत्कृष्ट कार्य सम्पादन गर्ने जनप्रतिनिधी र कर्मचारीलाइ पुरस्कृत गर्ने नितिलाइ निरन्तरता दिइने छ।

८६. कार्यालयको कामको चापको आधारमा कार्यालय समय वाहेक अतिरिक्त समय काम काज गर्ने कर्मचारीहरुलाइ मासिक प्रोत्साहन भत्ताको लागि आवश्यक वजेट व्यवस्था गरिने छ।

८७. दैवी प्रकोपवाट कृषि वाली उत्पादन तथा पशुपंक्षी क्षेत्रमा क्षति भएका पिडित कृषकको क्षति मुल्याँकन गरि संघीय सरकार, प्रदेश सरकारसंगको समन्वयमा मापदण्ड वनाइ राहत उद्धारका लागि सहयोग प्रदान गर्ने निति लिइने छ।

८८. वडाको वस्तीमा, टोल विकास संस्था, आमा समूह गठन तथा पुनर्गठन गरि मासिक वैठक तथा वचतको नियमितताको लागि प्रोत्साहन स्वरुप कार्यालयको कर्मचारी खटाइ व्यवस्थापन गर्ने निति लिइने छ।

८९. समाजमा वढ्दै गएको वाल विवाह, जवरजस्ती करणी, यौन तथा लैङ्गिक हिंसा, छुवाछुत तथा भेदवाव अन्त्यका लागि आवश्यक निति तथा कार्यक्रम संचालन गरिने छ।

९०. मातृ मृत्यूदर कम गर्न आमा सुरक्षा कार्यक्रमलाइ प्रभावकारी कार्यान्वन गर्ने नितिलाई प्राथमिकता दिइने छ।गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य सुरक्षाको लागि सवै उपायहरु अपनाइनेछ ।

९१. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुलाइ प्रविधि मैत्री वनाइ  सुचना र अनलाइन प्रविधिमा आवद्ध गराइने छ।

९२. स्वास्थ्य सेवामा रिक्त रहेको दरवन्दीमा करार सेवामा खुल्ला प्रतिष्पर्धा मार्फत् कर्मचारी पदपूर्ति/व्यवस्थापन गरी वडा अन्तर्गतका स्वास्थ्य संस्थाका कार्यलाइ प्रभावकारी वनाइने छ।

९३. कृषकहरुलाइ कृषि पेशामा उत्साहित गर्न कृषि तथा पशु मेला प्रदर्शनीको आयोजना गर्ने साथै जलवायू परिवर्तनको प्रतिअसरबाट देखा पर्ने रोगको प्रकोप एवं प्राकृतिक विपदवाट कृषि क्षेत्रमा आउन सक्ने जोखिमलाइ न्यूनिकरण गर्न वाली विमा र पशु विमा कार्यका लागि विमा कम्पनीहरुको समन्वयमा विमा गर्ने व्यवस्था मिलाइ लगानी संरक्षण गरिने छ।

९४. नश्ल सुधार कार्यक्रम संचालन गरि उन्नत नश्लको व्यवसायिक पशुपंछि पालनको लागि कृषकहरुलाइ प्रोत्साहन गर्न पोषणयुक्त पशु आहार, घाँस खेति, चरिचरन क्षेत्रको विकास गर्दै प्राविधिक कर्मचारीको व्यवस्थापन गरिने छ।

९५. मंगला गाउँपालिका वडा नं. ३ पखरे जल्केनीमा रहेको प्राकृतिक तातोपानी कुण्डको संरक्षण तथा उपयोग गर्नका लागि कार्यक्रम वनाइ प्रकृया अगाडि वढाइने छ।

९६. मंगला गाउँपालिका वडा नं.३ झाँक्रीपानी, वडा नं. २ हिदी र वडा नं. ५ चाँगामा चिया र टिमुर तथा अन्य जडिबुटी खेतिका लागि अध्ययन कार्यको थालनी गरिने छ।

९७. मंगला गाउँपालिकाको असाह्य वालवालिका र असाध्य रोग (मुटु, मृगौला, क्यान्सर, एचआइभी/एड्स आदि) लागेको प्रमाणित भएको नागरिकका लागि अध्यक्षसंग सहायता कार्यक्रमलाइ निरन्तरता दिइने छ।

९८. ठुला पूर्वाधार निर्माण सम्वन्धी आयोजनाहरु प्रतिष्पर्धाको आधारमा वोलपत्रको माध्यम द्वारा संचालन गरिने कार्यलाइ निरन्तरता दिइने छ।

९९. सभा सम्मेलन बैठक भेला गर्न गाउँपालिका केन्द्रमा वहुउद्देश्यीय सामुदायिक सभाहल निर्माण गरिनेछ ।

१००. यस गाउँपालिकाको गौरवका योजनाहरु संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको समन्वयमा कार्यान्वयन गर्दै लगिने छ।

१०१. यस गाउँपालिकाको आर्थिक वर्ष ०७८/०७९ मा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरु राष्ट्रिय लेखा प्रणाली अनुसार व्यवस्थित गर्न गराउनका लागि स्थानीय संचित कोष व्यवस्थापन प्रणाली सुत्रमा प्रविष्ट गरी कार्यान्वयन गरिने छ।

१०२. यस गाउँपालिका क्षेत्रमा आकस्मिक रुपमा हुने दूर्घटना तथा विपदमा परेका नागरिकहरुलाइ तत्काल विपद व्यवस्थापन गर्ने गरि अध्यक्षसंग विपद व्यवस्थापन कार्यक्रमलाइ निरन्तरता दिइने छ।

१०३. गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न जग्गा खरिदको लागि बजेट व्यवस्थापन गर्न आवश्यकता अनुसार आन्तरिक ऋण लिने प्रक्रिया समेत गरिनेछ ।प्रशासनिक भवन निर्माण कार्य अगाडि बढाउन परियोजना प्रतिवेदन सहित प्रदेश र संघीय सरकारसङ्ग समन्वय गरिने छ।

१०४. भौतिक पूर्वाधार तर्फ विनियोजित गरिएका पूँजिगत प्रकृतिका योजना तथा कार्यक्रमहरुलाइ अन्य तर्फको खरिद प्रकृतिका योजना तथा कार्यक्रममा रकमान्तर गर्न नहुने भौतिक पूर्वाधार समितिको सुझावलाइ कार्यान्वयन गरिने छ।

१०५. सूचनाको हक सम्वन्धी ऐन, २०६४ बमोजिम सार्वजनिक निकायमा रहने सार्वजनिक सरोकारका सूचनाहरुलाइ नागरिकको सूचनामा पहुँच सुनिश्चितताको

लागि गाउँपालिकको वेवसाइट मार्फत् प्रकाशित गरी Pro-Active Discloser लाइ कार्यान्वयनमा ल्याइने छ।

१०६. मंगला गाउँपालिका क्षेत्रभित्र हुन सक्ने विपदको अध्ययन वमोजिम विपद प्रतिकार्य योजना निर्माण साथै आवश्यक सामाग्रीको व्यवस्थापनको लागि वजेटको व्यवस्था गरेको छु।

१०७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था वमोजिम गठित विषयगत समितिहरुको भुमिकालाइ थप प्रभावकारी वनाइने छ।

१०८. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाइ व्यवस्थित र सुदृढीकरण गर्दै जनमुखि वनाउन अनलाइन प्रणाली मार्फत् कार्यान्वयन हुदै आएको कार्यलाइ निरन्तरता दिदै राष्ट्रिय परिचय-पत्र तथा पंजिकरण विभागको लागत साझेदारीमा कार्यक्रम संचालन गरिने छ।

**प्रमुख अतिथी, विशिष्ट अतिथी एवं गाउँसभाका सदस्यज्यूहरु**

प्रस्तुत नीति अनुसार मंगला गाउँपालिकाको बजेट तथा कार्यक्रम तयार पारी प्रस्तुत हुने कुरामा सम्पूर्ण सदस्यज्यूहरुमा विश्वस्त गराउन चाहन्छु । प्रस्तुत नीतिलाई यसकै मर्म र भावना अनुसार कार्यान्वयन गर्नका लागि आवश्यक ऐन, कानून तथा निर्देशिकाहरुको तर्जुमा सम्बन्धित विषयगत समितिद्वारा तयार गरिने छ। प्रस्तुत नीतिको मर्म र भावना अनुसार बनाईएका सबै ऐन, नियमहरुको लागू गरिने छ। समाज परिवर्तनको यस महत्वपूर्ण र अत्यावश्यक कार्यमा आम मंगला गाउँपालिकाबासीहरुको सदैव पूर्ण साथ, समर्थन र सहयोग रहिरहने छ भन्ने अपेक्षा राख्दछु।

अन्तमा, विगद् आ.व.हरु देखि हालसम्म यस गाउँपालिकाको विकास र समृद्धिका लागि संघीय सरकार तथा प्रदेश सरकारका तर्फबाट विभिन्न शीर्षकका योजनाहरुमा यथेष्ट बजेट विनियोजन गर्न, गराउन विशेष भूमिका खेल्नु हुने निवर्तमान साम्सद श्री भूपेन्द्र बहादुर थापा तथा गण्डकी

प्रदेश सरकारका निवर्तमान मन्त्री तथा गण्डकी प्रदेश सभाका सदस्य श्री नरदेवि पुन मगरज्यूलाई विशेष धन्यवाद सहित आभार व्यक्त गर्न चाहन्छु। साथै यस गाउँपालिकाको नीति तथा कार्यक्रम तयार पार्न विभिन्न तरिकाले सहयोग पुऱ्याउनु हुने पालिकाका आम नागरिक, कर्मचारी तथा अन्य महानुभावहरु प्रति पनि कृतज्ञता प्रकट गर्न चाहन्छु। यहाँहरु सबैसङ्गबाट आगामी दिनहरुमा पनि निरन्तर सहयोग, सद्भाव र सहकार्यको अपेक्षा राख्दछु।

धन्यवाद!

२०७८ साल असार १० गते विहिवार।